# उत्कृष्ट कृषकलाई सम्मान पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१

प्रस्तावनाः नेपालको भौगोलिक परिवेशले उपलब्ध गराएको अवसर र आधुनिक कृषि प्रविधिहरुको उपयोग गरी व्यावसायिक कृषि/पशुपन्छी पालनको माध्यमबाट दिगो आर्थिक बृद्धि तथा खाद्य सुरक्षा सुनिश्चित गर्न सक्ने सम्भावना रहेको हुँदा पनि न्यून आम्दानीका कारण कृषि क्षेत्र आकर्षक र सम्मानित हुन सकेको छैन तसर्थ कृषि/पशुपालन पेशामा पूर्ण रुपमा आबद्ध रही विशिष्ट योगदान पुच्याउदै आएका कृषकहरुलाई थप प्रोत्साहन गर्न र कृषकको योगदानलाई उच्च सम्मान गरि कृषि/पशुपालन पेशालाई सम्मानित, व्यवसायिक र आकर्षक बनाउने कार्य वाञ्छनीय भएकाले, स्थानीय तह बाणगंगा नगरपालिकाद्धारा " **उत्कृष्ट कृषकलाई सम्मान पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१**" जारी गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ: (१)** यस कार्यविधिको नाम "उत्कृष्ट कृषकलाई सम्मान पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१" रहेकोछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क "कार्यविधि" भन्नाले उत्कृष्ट कृषकलाई सम्मान पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि ,२०८१ सम्झनुपर्छ।

(ख) "कार्यक्रम" भन्नाले उत्कृष्ट कृषकलाई सम्मान पुरस्कार कार्यक्रम सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले बाणगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(घ) "न्यूनतम योग्यता" भन्नाले यसै कार्यविधिको अनुसूची १ र अनुसूची २ मा उल्लेख भएको उत्कृष्ट कृषकलाई सम्मान पुरस्कार कार्यक्रममा सहभागिताका लागि तोकिएको न्यूनतम मापदण्ड सम्झनुपर्छ।

(ङ) "नगरपालिका" भन्नाले बाणगंगा नगरपालिकालाई सम्झनुपर्छ ।

(च) "समिति" भन्नाले बाणगंगा नगरपालिकामा गठन भएको कृषि / पशु बिकास समिति लाई सम्झनु पर्छ ।

(छ) "सम्बन्धित शाखा" भन्नाले बाणगंगा नगरपालिकाको कृषि बिकास र पशु सेवा शाखालाई सम्झनुपर्छ।

३. **उद्देश्यहरुः** यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् -

(क) कृषकको योगदानलाई सम्मान गर्दै कृषि/पशुपालन पेशालाई समाजको आकर्षक एवम् सम्मानित पेशाको रुपमा स्थापित गर्न सहयोग पुर्याउने ।

(ख) कृषकहरुको मनोबल उच्च राख्न सहयोग पुर्याउने ।

(ग) कृषक समुदायमा स्वस्थ प्रतिस्पर्धाको भावना विकास गरि कृषि/ पशुपालन पेशालाई व्यावसायीक बनाउन सहयोग पुर्याउने ।

(घ) युवालाई कृषि/ पशुपालन पेशा तर्फ आकर्षित गर्न सहयोग पुरयाउने ।

## परिच्छेद २

## कार्यक्रम सञ्चालन प्रकृया सम्बन्धी व्यवस्था

४. **उत्कृष्ट कृषक छनौट बिधिः** यस कार्यक्रम अन्तर्गत उत्कृष्ट कृषकको छनौट देहाय बमोजिम हुनेछ।

(क) कार्यक्रममा सहभागी हुनको लागि सम्बन्धित शाखाले अनुसूची १ बमोजिम सूचना प्रकाशन गर्नेछ।

(ख) कार्यक्रममा अनुसूची २ वा ३ अनुसारको मापदण्ड पूरा गरेका बाली/ पशुपन्छीको लागि कृषकहरुले अनुसूची ४ अनुसारको निवेदन तथा अनुसुची ५ अनुसारको फर्मेट भरी तोकिएको शाखामा समय सीमा भित्र पेश गर्नुपर्नेछ।

(ग) निवेदन पेश गर्ने अवधि समाप्त भएको मितिले १५ दिनभित्र सम्बन्धित शाखाले उत्कृष्ट पुरस्कारका लागि योग्य कृषकहरु छनौटको लागी सम्पूर्ण कागजात सहित सम्बन्धित समितिमा पेश गर्नुपर्नेछ।

(घ) समितिमा प्राप्त भएका विवरणहरु कम्पाईल गरी मूल्याङ्कनको लागि दफा ८ उपदफा (२) बमोजिमका अनुगमन तथा मुल्याँकन समितिलाई जिम्मा दिने र उक्त समितिले अनुसूची ६ बमोजिम मूल्याङ्कनका आधारहरुमा उत्कृष्ट कृषक छनौट गरी कार्यक्रम कार्यान्वयन समितिमा सिफारिस गर्नेछ।

५. **उत्कृष्ट कृषकको घोषणा र पुरस्कार बितरण:** (१) सम्बन्धित मुल्याँकन समितिको प्रतिवेदनका आधारमा उत्कृष्ट कृषक सम्मान पुरस्कार कार्यक्रम सम्बन्धित समितिले उत्कृष्ट कृषकहरुलाई पुरस्कृत गर्नेछ।

(२) उत्कृष्ट कृषक पुरस्कार पाउने कृषकहरुको अभिलेख सम्बन्धित शाखामा अद्यावधिक गर्नुपर्नेछ।

(३) एक पटक कुनै विधामा उत्कृष्ट ठहर भएका कृषकलाई सोही विधामा सोही समयमा पुरस्कारका लागि शाखाबाट सिफारिस गरिने छैन तर फरक विधामा सिफारिस गर्न बाधा पर्नेछैन।

(४) उत्कृष्ट कृषकलाई पुरस्कार एवम् सम्मान गर्न आवश्यक पर्ने बजेट रकम सम्बन्धित शाखाको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरि व्यवस्था गर्नुपर्ने छ।

(५) उत्कृष्ट कृषक पुरस्कारबाट सम्मानित हुने कृषकहरुलाई जानकारी गराई पुरस्कार एवम् सम्मान समारोहमा प्रस्तुती सहित उपस्थितिको लागि शाखाले आमन्त्रणको व्यवस्था गर्नेछ।

६. **पुरस्कारको बिधा र रकम:** पुरस्कारको विधा र रकम तालिका १. बमोजिम हुनेछ।

तालिका १.

| सि.नं. | पुरस्कारको विधा | पुरस्कार रकम | कैफियत |
|---|---|---|---|
| १ | उत्कृष्ट कृषक पुरस्कार<br>० खाद्यान्न, दलहन,तेलहन,आलु बाली<br>० तरकारी तथा मसलाबाली<br>० फलफूल , पुष्प खेती, नर्सरी, बीउ उत्पादन<br>० पशुपन्छी, घाँसखेती , माछापालन<br>० च्याउ, मौरी | हरेक बिधामा<br>प्रथम- रु १००००<br>द्वितिय- रु ७ ०००<br>तृतिय- रु ५०००<br>सान्त्वना-रु ३००० | |

## परिच्छेद ३

## समितिसम्बन्धी व्यवस्था

७. **समितिहरु गठन हुनेः** (१) कार्यक्रम कार्यान्वयन गर्न देहायबमोजिमको उत्कृष्ट कृषक सम्मान पुरस्कार कार्यक्रम कार्यान्वयन समिति गठन हुनेछ।

(क) नगर प्रमुख ---------------------- ------------------------- संयोजक

(ख) नगर उपप्रमुख -------------------------------------------- सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत --------------------------------- सदस्य

(घ) प्रमुख, कृषि बिकास शाखा , ---------..........-----------.... सदस्य

(ङ) प्रमुख पशु बिकास शाखा --------------------------------- सदस्य

(च) संयोजक, आर्थिक बिकास---------------------------------- सदस्य

(छ) प्रमुख, योजना शाखा --------------------------------------- सदस्य

(ज) प्रमुख, आर्थिक प्रशासन शाखा --------------------------- सदस्य

(झ) प्रमुख, प्रशासन शाखा ------------------------------------- सदस्य

नोटः शाखासँग सम्बन्धित शाखा प्रमुख सदस्य सचिव रहने छन् तथा आवश्यकताको आधारमा समितिले सम्बन्धित विषयको विषय विषेशज्ञ बढीमा ३ जनालाई आमन्त्रण गर्न सक्नेछ।

८. आवेदन मूल्याङ्कन तथा छनौटः

८.१) उत्कृष्ट कृषकहरुबाट पेश भएका आवेदन अनुसूची ६ अनुसारको मूल्याङ्कनका आधारमा मूल्याङ्न गरी छनौटका लागि सिफारिस गर्ने कार्य उपदफा ८.२ बमोजिमको मूल्याङ्गन समितले गर्नेछ।

८.२) उत्कृष्ट कृषक मूल्याङ्कन तथा छनौट समिति देहाय बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत - संयोजक

प्रमुख कृषि बिकास शाखा – सदस्य

प्रमुख पशु सेवा शाखा – सदस्य

प्रमुख प्रशासन शाखा - सदस्य

प्रमुख योजना शाखा – सदस्य

८.३) समितिले सम्बन्धित शाखाबाट एक/एक जना प्राविधिक कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ। शाखासँग सम्बन्धित शाखा प्रमुख सदस्य सचिव रहने छन्।

८.४) मूल्यांकन समितिले छनौट कार्य पुरा गरी अन्तिम निर्णयको लागि कार्यान्वयन समिति मा पेश गर्नु पर्नेछ ।

९. उत्कृष्ट कृषक मूल्याङ्कन तथा छनौट समितिको काम कर्तव्य र अधिकारः

उत्कृष्ट कृषक मूल्याँकन तथा छनौट समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

९.१) प्राप्त आवेदनहरुको स्थलगत अध्ययन, अवलोकन द्वारा प्राविधिक र आर्थिक पक्षको विश्लेषण गर्ने।

९.२) सम्बन्धित शाखालाई उत्कृष्ट कृषक छनौट गर्ने प्राधिकार बाहेकका अन्य अधिकारहरु प्रत्यायोजन गर्न सक्नेछ।

९.३) समितिले समग्र विषय वस्तुको अध्ययन एवम् विश्लेषण गरी कार्यान्वयन समितिबाट निर्णय भएपछि उपयुक्त आवेदनहरुको योग्यताक्रम सूची तयार गरी अन्तिम सूची प्रकाशन गर्नेछ ।

१०. उत्कृष्ट कृषक घोषणा एवम् सम्मान तथा पुरस्कार वितरण:

१०.१) उत्कृष्ट कृषक मूल्याङ्कन तथा छनौट समितिको प्रतिवेदनको आधारमा कार्यान्वयन समितिले **फरक फरक विधा वा एकै बिधाका २ वा ३ जना पनि हुन सक्ने** गरी उत्कृष्ट कृषकको घोषणा गर्नेछ । साथै सम्मान एवम् पुरस्कार वितरण कार्यक्रमको आयोजना गरी नगद र प्रमाण प्रत्र सहित सम्मान गरिनेछ ।

१०.२) उपदफा १०.१ बमोजिम सम्मानित हुने उत्कृष्ट कृषकलाई पुरस्कार वितरण तथा सम्मान कार्यक्रममा उपस्थितिका लागि आमन्त्रणको व्यवस्था गर्नेछ।

१०.३) उपदफा १०.१ बमोजिम सम्मानित हुने कृषकहरुको विवरण शाखाले अध्यावधिक गर्नु पर्नेछ ।

११. अनुगमन मूल्याङ्कन: उत्कृष्ट कृषक सम्मान कार्यक्रम कार्यान्वयन क्रममा तथा कार्यक्रमको प्रभावकारिता अध्ययनका लागि कार्यालयले आवश्यकता अनुसार अनुगमन समिति बनाई कुनै पनि समयमा अनुगमन गर्न सक्नेछ।

## परिच्छेद ४

## विविध

११. पुरस्कार तथा कार्वाहीको व्यवस्था: झुटा विवरण पेश गरी पुरस्कार एवम् सम्मान प्राप्त गरेको पाइएमा प्रचलित कानून बमोजिम कार्वाही गरी सरकारी सेवा सुविधा नदिने गरी कालो सूचीमा राखिनेछ।

१२. अमान्य हुनेः यस कार्यबिधिमा भएका व्यवस्था विषयहरु प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

१३. वाधा अड्काउ

१३.१) यस कार्यबिधिमा उल्लिखित विषयबस्तुका सम्बन्धमा कुनै अस्पष्टता भएमा सोको व्याख्या कार्यालयले गरे वमोजिम हुनेछ।

१३.२) यस कार्यबिधिलाई आवश्यकता अनुसार कार्यालयले संशोधन/परिमार्जन गर्न सक्ने छ।

१२.३) कार्यबिधि कार्यान्वय गर्न कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार कार्यालयको हुनेछ ।

**अनुसूची १**

**(दफा ४ (क) संग सम्बन्धित )**

**प्रस्ताव आव्हानको सूचनाको ढाँचा**

प्रथम पटक प्रकाशित मिति २०..../...../...

यस नगरपालिकाको आ.व.२०...../०..... को कृषि बिकास/ पशु सेवा शाखा तर्फको स्वीकृत बार्षिक कार्यक्रम अनुसार उत्कृष्ट  कृषकलाई सम्मान पुरस्कार कार्यक्रममा सहभागि हुन ईच्छुक मापदण्ड पुगेका कृषकहरुले यो सूचना प्रकाशित भएको मितिको १५ दिन भित्र कार्यालय समय भित्र आवेदन दर्ता गर्नुहुन आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ। निवेदनका साथ संलग्न हुनु पर्ने फारम, न्यूनतम मापदण्ड लगायतका थप जानकारीका लागि कृषि बिकास/ पशु सेवा शाखा मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

आवश्यक कागजातहरु

१. सम्बन्धित निकायमा दर्ता/नबीकरण भएको प्रमाण पत्रको फोटोकापी।

२. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

३. स्थायी लेखा नं प्रमाण पत्रको फोटोकापी।

४. गत आ. ब. सम्मको करचुक्ता प्रमाणपत्रको फोटोकापी।

५. नेपाली नागरिकताको प्रमाण पत्रको फोटोकापी।

६, कार्यालयले तोकेको अन्य कागजातहरु।

## अनुसूची-२

### (दफा ४ (ख) संग सम्बन्धित)

### उत्कृष्ट कृषकलाई सम्मान पुरस्कारका लागि न्यूनतम मापदण्ड (कृषि बिकास)

| क्र.सं. | बालीको नाम | न्यूनतम क्षेत्रफल/ संख्या | कैफियत |
|---|---|---|---|
| १ | खाद्यान्न, दलहन ,तेलहन, आलु | १५ कठ्ठा | |
| २ | तरकारी , मसला बाली | ५ कठ्ठा (प्लास्टिक हाउस १००० वर्ग फिट) | |
| ३ | च्याउ | ५०० वल्व | |
| ४ | फलफूल | ५ कठ्ठा | |
| ५ | मौरीपालन | ५० घार | |
| ६ | बिउ उत्पादन | ३० कठ्ठा | |
| ७ | पुष्प | २ कठ्ठा | |
| ८ | नर्सरी | १ कठ्ठा | |

नोटः उपरोक्त बाहेक बाणगंगा नगरपालिकामा कुनै कृषकले थप कुनै नयाँ व्यवसाय गरेको छ भने थप आधारहरु तय गर्नु परेमा कृषि विकास शाखाबाट उपयुक्त थप मापदण्ड निर्धारण गर्न सकिन्छ र सो को पुष्ट्याई संलग्न राखी निर्णय गराउनु पर्नेछ।

## अनुसूची-३

### (दफा ४ (ख) संग सम्बन्धित)

उत्कृष्ट कृषकलाई सम्मान पुरस्कारका लागि न्यूनतम मापदण्ड (पशुपंछी तथा मत्स्यपालन)

| क्र.सं. | बाली/ बस्तु | क्षेत्रफल / संख्या (न्युनतम) | कैफियत |
|---|---|---|---|
| १ | गाई | ५ - १० उन्नत माउ | |
| २ | भैसी | ५ - १० उन्नत माउ | |
| ३ | भेडा / बाख्रा | २५ - ३५ माउ | |
| ४ | बंगुर | २५ - ३५ माउ | |
| ५ | कुखुरा (लेर्यस) | ३००० | |
| ६ | हाँस / अन्य | २५० | |
| ७ | घाँस खेती | १ हेक्टर | |
| ८ | मत्स्य पालन | १ हेक्टर | |

नोटः उपरोक्त बाहेक बाणगंगा नगरपालिकामा कुनै कृषकले थप कुनै नयाँ व्यवसाय गरेको छ भने थप आधारहरु तय गर्नुपरेमा पशु सेवा शाखाबाट उपयुक्त थप मापदण्ड निर्धारण गर्न सकिन्छ र सो को पुष्ट्याई संलग्न राखी निर्णय गराउनु पर्नेछ।

# अनुसूची ४

## (दफा ४ (ख) संग सम्बन्धित)

उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा भाग लिने कृषकले पेश गर्नुपर्ने निवेदनको ढाँचा

मिति : .......................

बिषय : कार्यक्रममा सहभागी हुन पाँउ।

श्रीमान् प्रमुख ज्यू
....................................
....................................

महोदय,

मिति ....................... गतेको तहाँ कार्यालयको सार्बजनिक सूचना अनुसारको कार्यक्रममा सहभागी हुन म कृषक/ ब्यवसायी ................................ ले रु. १० को टिकट टाँस गरी अनुसूची ५ अनुसारको फारम भरी यो आबेदन पेश गरेको छु।

निबेदक

दस्तखत : ......................

नाम,थर : ...............................

ठेगाना : .................................

समूह/सहकारी/फर्मको नाम : .........

सम्पर्क नं. : ...............................

मिति : ..........................

समूह/सहकारी/फर्मको छाप

## अनुसूची ५

### (दफा ४ (ख) संग सम्बन्धित)

उत्कृष्ट कृषक पुरस्कारको लागि कृषकले निवेदन संगै पेश गर्नुपर्ने विवरण भर्ने फर्मेट

१. कार्यक्रममा सहभागी हुने कृषकको नामः

२. कृषक समूह/सहकारी / फर्मको नामः

३. जन्म स्थान र जन्म मितिः

४. सहभागीको स्थायी ठेगाना:

५. पत्राचार ठेगानाः

६. श्रोत साधनको विवरणः

| क्र.सं. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| १ | कृषकसंग भएको स्रोत साधन | | |
| क | कुल जग्गाको क्षेत्रफल (ठेक्कामा लिएको जग्गा समेत) | | |
| ख | कुल खेती गरिएको क्षेत्रफल | | |
| ग | पशुपालनको लागि प्रयोग गरेको जग्गाको क्षेत्रफल | | |
| घ | सिंचित जग्गाको क्षेत्रफल | | |
| २ | सिंचाईको स्रोत | | |
| क | कुलो | | |
| ख | बोरिङ्ग | | |
| ग | इनार | | |
| घ | कृषि यन्त्र उपकरणहरुको विवरण तथा अवस्था | | |

७. खेती गरिएको बालीको क्षेत्रफल तथा उत्पादन विवरण

| क्र.सं. | बिवरण | इकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| क | खाद्यान्न बाली | | | |
| १ | धान | | | |
| २ | मकै | | | |
| ३ | गहुँ | | | |
| ४ | कोदो | | | |
| ५ | जौ | | | |
| ६ | फापर | | | |
| ख | दालबाली | | | |

| | | | | |
|---|---|---|---|---|
| ग | तेलबाली | | | |
| १ | रायो, तोरी, सर्स्यू, सूर्यमूखी | | | |
| २ | तील, आलस | | | |
| घ | तरकारी बाली | | | |
| १ | वर्षे तरकारी | | | |
| २ | हिउँदे तरकारी | | | |
| ३ | बेमौसमी तरकारी | | | |
| ङ | आलु | | | |
| च | मसलाबाली | | | |
| १ | प्याज, लसुन, खुर्सानी | | | |
| २ | अदुवा, बेसार | | | |
| छ | फलफुलबाली | | | |
| १ | आँप, लिची | | | |
| २ | केरा | | | |
| ञ | मौरीपालन | | | |
| ट | अन्य (स्थान विशेष बाली) | | | |
| ठ | वीउ उत्पादन (कुनै बाली वा पशु विशेषको भएमा) | | | |
| ड | नर्सरी | | | |
| ढ | श्रोत केन्द्र (कुनै बाली वा पशु विशेषको श्रोत केन्द्र भएमा) | | | |

८. पशुपन्छी पालन तथा उत्पादन विवरण

| क्र.सं. | बिबरण | इकाई | परिमाण | उत्पादन के.जी./लिटर /मे.टन/ गोटा |
|---|---|---|---|---|
| १ | उन्नत गाई | संख्या | | |
| २ | बर्णशंकर/स्थानीय गाई | संख्या | | |
| ३ | उन्नत भैसी | संख्या | | |
| ४ | बर्णशंकर/स्थानीय भैसी | संख्या | | |
| ५ | बाख्रा | संख्या | | |
| ६ | भेडा | संख्या | | |
| ७ | बंगुर | संख्या | | |
| ८ | मत्स्य पोखरी | संख्या | | |
| ९ | घाँस खेती | हेक्टर | | |
| १० | ब्यवसायिक लेर्यस | संख्या | | |
| ११ | ब्यवसायिक ब्रोईलर | संख्या | | |

९. सेवा तथा संस्थागत पहुँच सम्बन्धी विवरण

| सि.नं. | सेवा तथा संस्थागत पहुँच | अति उत्तम | उत्तम | सामान्य | नभएको |
|---|---|---|---|---|---|
| १ | विकास कार्यालयसंग सम्पर्क/ समन्वय स्थिति | | | | |
| २ | कृषि ऋण श्रोत एवं पहुँच | | | | |
| ३ | बाली तथा पशुधन बीमा | | | | |
| ४ | कार्यक्रम/ आयोजनाबाट परियोजना प्राप्ति | | | | |
| ५ | प्राविधिकसंगको सम्पर्क स्थिति | | | | |

१०. कृषि पेशामा संलग्न कामदारहरुको विवरण

| क्र.सं. | कामको किसिम | संख्या | घरेलु कामदार | ज्यामी कामदार |
|---|---|---|---|---|
| १ | खेती कार्यमा | | | |
| २ | पशुपालन कार्य | | | |
| ३ | पन्छी पालन कार्य | | | |
| ४ | प्रशोधन तथा बजारीकरण कार्यमा | | | |

११. कृषि व्यवसायमा लगानी स्थिति

| क्र.सं. | सेवा तथा संस्थागत पहुँच | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | जम्मा खेती खर्च | | |
| २ | जम्मा पशुपालन खर्च | | |
| ३ | जम्मा पन्छी पालन खर्च | | |
| ४ | जम्मा कृषि औजार उपकरण खरिद खर्च | | |
| ५ | अन्य कृषि खर्च | | |
| | कुल जम्मा खर्च | | |

१२. व्यवसायमा भएको लगानीको स्रोत

| क्र.सं. | लगानीको स्रोत | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | कृषि विकास बैंकबाट लिएको ऋण रकम | | |
| २ | अन्य विकास बैंक तथा वित्तिय संस्थाबाट लिएको ऋण रकम | | |

| | | | |
|---|---|---|---|
| ३ | समूह/ सहकारीबाट लिएको ऋण रकम | | |
| ४ | साहुबाट लिएको ऋण रकम | | |
| ५ | छिमेकीबाट लिएको ऋण रकम | | |
| ६ | आफ्नै आम्दानीबाट ब्यहोरिएको रकम | | |
| | जम्मा | | |

१३. कृषि पेशाबाट बार्षिक पारिवारिक आम्दानी स्थिति

| क्र.सं. | सेवा तथा संस्थागत पहुँच | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | खेती कार्यबाट | | |
| २ | पशुपालन बाट | | |
| ३ | पन्छी पालनबाट | | |
| ४ | कृषि उपजको बजारीकरणबाट | | |
| ५ | कुल जम्मा आम्दानी | | |

१४. निम्न बिषयमा सहभागी कृषक दक्षता

| क्र.सं. | बिबरण | अवस्था |
|---|---|---|
| १ | प्रबिधि उपयोग तथा अनुसरण (भएको / नभएको) | |
| २ | श्रोत साधनको अधिकतम सदुपयोग (भएको / नभएको) | |
| ३ | प्रबिधि बिस्तारमा योगदान (भएको / नभएको) | |
| ४ | भकारो एवंम गोठ सुधार (गरेको / नगरेको) | |
| ५ | उत्पादन लागत तथा प्रतिफल सम्बन्धी रेकार्ड ब्यवस्थापन (गरेको / नगरेको) | |
| ६ | कुनै किसिमको पुरस्कार प्राप्त (गरेको / नगरेको) | |
| ७ | नविन प्रबिधिको बिकास (गरेको / नगरेको) | |
| ८ | पशुपालन ब्यवसायमा नयाँ प्रबिधिको प्रयोग (गरेको / नगरेको) | |
| ९ | बिमा (गरेको / नगरेको) | |
| १० | संक्रामक रोग बिरुद्ध नियमित खोप (लगाएको / नलगाएको) | |
| ११ | जैबिक सुरक्षाको प्रबन्ध (गरेको / नगरेको) | |
| १२ | रोजगारी श्रृजना (गरेको / नगरेको) | |

१५. नयाँ कृषि/पशुपालन प्रविधिको विकास

१६. खेती/पशुपालन प्रणालीमा अपनाईएको नयाँ प्रविधिहरुको विवरण

१७. कृषि/पशुपालन व्यवसाय एवं प्रविधिहरुको विस्तृतीकरण (कुनै भएमा)

१८. कृषि/पशुपालन व्यवसाय प्रवर्द्धनका भावी योजना (कुनै भएमा)

१९. कृषकको सफलताको कथा (बढीमा १०० शब्दमा नबढ्ने गरि)

## अनुसूची-६

**(दफा ४ (घ) संग सम्बन्धित)**

उत्कृष्ट कृषक पुरस्कारको लागि कृषकले पेश गरेको निवेदन फारमको मूल्यांकनका आधारहरु

| क्र.सं. | निवेदन फारम मूल्याङ्कन मापदण्ड | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | स्रोत साधनको स्थिति एवं सदुपयोग | १० | |
| २ | स्थानिय समुदायमा कार्य अनुभवको आदान प्रदान एवं योगदान | २० | |
| ३ | उत्पादन स्थिति | १५ | |
| ४ | सेवा तथा संस्थागत पहुँच | ५ | |
| ५ | रोजगारी सृजनाको स्थिति | १० | |
| ६ | कृषि/पशुपालन व्यवसायमा गरेको आर्थिक लगानी स्थिति | ५ | |
| ७ | कृषि/पशुपालन व्यवसायबाट प्राप्त आम्दानी एवं प्रतिफल स्थिति | १० | |
| ८ | कृषि/पशु बिकास कार्यालय एवं प्राविधिकसँगको सम्पर्क स्थिति | ५ | |
| ९ | प्राविधिक ज्ञान सीपबारे जानकारी एवं प्रयोग स्थिति | १० | |
| १० | कृषि/पशुपालन व्यवसायको दिगोपना स्थिति | १० | |
| | जम्मा | १०० | |